नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २५४ २०८२ साल बैशाख ३० गते मंगलबार (13 May 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : जलवायु न्यायका लागि ... ३ पृष्ठमा : बुद्ध पूर्णिमा : जुन अनित्य छ, ... ३ पृष्ठमा : पाकिस्तानसँगको युद्धविराम ...

## कान्छो छोरालाई थाहै नदिई जेठो छोराले आफूलाई समेत झुक्याई ऋण लिएको आमाको आरोप

**दैनिक समाचारदाता**
**राजविराज, २९ बैशाख ।**

सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं. ६ क्याम्पस रोड निवासी ६० वर्षिया शम्भु देवी यादवले कान्छो छोरालाई थाहै नदिई आफुलाई समेत झुक्याएर जेठो छोराले एक सहकारी संस्थाबाट एक करोड रुपैया ऋण निकालेको आरोप लगाएकी छिन ।

राजविराजस्थित नेपाल पत्रकार महासंघ सप्तरीको कार्यालयमा सोमबार पत्रकार सम्मेलनको आयोजना गरी उनले यस्तो आरोप लगाएकी हुन् । जेठो छोरा शिव कुमार यादवले आईडियल सहकारी संस्था लि.संग मिलोमतो गरी एक करोड रुपैया ऋण निकालेको उनको आरोप छ ।

कान्छो छोरा सचिनसंगै पत्रकार सम्मेलनमा उपस्थित भएकी उनले विष्णुपुर गाउँपालिका ६ क्याम्पस रोड जाने सडक किनारामा एक कट्ठा जग्गामा बनेको दुई तल्ले घर उक्त सहकारी संस्थामा धितो राखी २०६९ सालमा १ करोड रुपैया जेठो छोरा शिवले निकालेको बताईन ।

कान्छो छोरालाई कुनै जानकारी नदिई मलाई समेत झुक्याएर सादा कागज र चेकमा हस्ताक्षर गराएको जेठो छोरा शिवले उक्त सहकारी संस्थाबाट सो रकम निकालेको कुरा सहकारी संस्थाबाट लिलामी प्रकृयाको चिठ्ठी आएपछि मात्र थाहा पाएको उनले बताइन् ।

उक्त सहकारी संस्थाले एकमात्र घर र जग्गा लिलामी प्रकृया अगाडी बढाएपछी शोकमा परेको श्रीमान कुसुम लालको शोक मै केही दिन अघि निधन भएको उनको भनाई छ ।

पत्रकार सम्मेलनमा उपस्थित उनका कान्छा छोरा सिचनले आफुलाई कुनै जानकारी नै नदिई दाजु शिवले आमा बुवालाई समेत झुक्याएर विभिन्न कागजात र चेकमा हस्ताक्षर गराई सहकारीबाट ऋण निकालेको दाबी गर्दै न्यायका लागी अदालतसम्म पुगेको बताए ।

आफ्नो समेत अंश लाग्ने जग्गा सहकारीमा धितो राख्दा बखत आफु अध्ययनको सिलसिलामा विराटनगरमा रहेको भन्दै उनले सो बारे दाजु शिवले फोन सम्म नगरेको बताए । उनले मेरो कुनै




सहमती र हस्ताक्षर सम्म नलिएर सहकारीले कसरी यत्रो ठूलो रकम ऋण दियो भन्दै प्रश्न समेत गरे ।

उनले उक्त सहकारीबाट आमा शम्भु देवीको नाममा १ करोड रुपैया ऋण निकासा भएको र सोही दिन ९० लाख रुपैया दाजु शिवको खातामा ट्रान्सफर भएको देखिएको जानकारी समेत गराए ।

यता उक्त सहकारी संस्था लि.का अध्यक्ष गणेश कुमार आसले समस्या पर्दा ऋण लिन आएका व्यक्ति अहिले बोली फेर्दै संस्थालाई बदनामा गर्न खोजेको प्रतिक्रिया दिएका छन् । उनले ऋणीहरुलाई कतै नझुक्याएको र लिखत कागजातमा हस्ताक्षर गराईएको दाबी गर्दै तोकिएको समयमा सावाँ र ब्याज नबुझाउँदा संस्थाको निर्णयअनुसार लिलामी प्रक्रियाको प्रारम्भिक कार्य अघि बढाइएको बताए ।

उनले सहकारीको ऋण समय मै नतिरे ऋणीका कान्छो छोरा सचिनको अंश छुट्याई बाँकि बचेको जग्गा लिलामीबाट संस्थाले आफ्नो लागी वसुल गर्ने व्यवस्था रहेको स्पष्ट पारेका छन् ।

## राजबिराज बसपार्कको एक हप्ता भित्रै उद्घाटन हुने



**दैनिक समाचारदाता**
**राजविराज, २९ बैशाख ।**

गत सातामात्रै सघन शहरी तथा भवन निर्माण आयोजना सप्तरीले हस्तान्तरण गरेको राजविराज बसपार्क आउँदो एक साता भित्रै उद्घाटन गरिने तयारी गरिएको छ ।

सोमवार राजबिराज नगरपालिका कार्यवाहक नगरप्रमुख ईसरत परविनको अगुवाईमा तथा प्रमुख जिल्ला अधिकारी भोला दाहालसहित सरोकारवाला निकायहरूको टोलीले स्थलगत निरिक्षण गर्दै बसपार्क सुचारू गर्न सम्पूर्ण तयारी पूरा भएको जानकारी दिदै एक साता भित्रै उद्घाटन गरिने जनाइएको छ ।

कार्यवाहक नगरप्रमुख परविनले राजविराज बसपार्कको स्थलगत अवलोकन तथा निरीक्षण कार्य सम्पन्न भईसकेकोले उद्घाटनका लागि आवश्यक तयारीहरू अन्तिम चरणमा पुगेका बताए ।

बसपार्क संचालनमा आएपछि वर्षौंदेखी राजविराज नगरको मुख्य सडकमा देखिएको सवारीहरुको चापसँगै बजारको अस्तव्यस्त अवस्थामा सुधार आउने उनको भनाई छ ।

शहरी विकास मन्त्रालयको १५ करोड ६० लाख रुपैयाँमा नव निर्मित बसपार्कको २०७४ साल पुष १९ मा सिनर्जी बिल्डर्स प्रालि कुलेश्वर १४ काठमाडौंले ठेक्का सम्झौता गरेको थियो । बसपार्कको पहिलो पटक २०४४ सालमा तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह, दोश्रो पटक २०४६ मा तत्कालीन अञ्चलाधीश सूर्यबहादुर सेन ओली र तश्रो पटक २०५२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले पनि शिलान्यास गरेका थिए । तर, निर्माण काम अगाडी बढ्न सकेको थिएनन् ।

पछिल्लो पटक (चौथो पटक) २०७४ सालमा शहरी विकास मन्त्रालयका सचिव दीपेन्द्रनाथ शर्मा र राजविराज नगरपालिकाका तत्कालिन प्रमुख शम्भुप्रसाद यादवले संयुक्त रुपमा बसपार्कको शिलान्यास गरेका थिए ।

राजविराजको राजदेवी चौक स्थित १९ हजार ६ सय ४४२ वर्ग किलोमिटर क्षेत्रफलमा निर्माण गरिएको आधुनिक सुविधा सम्पन्न बसपार्कमा सोधपुछ कक्ष तथा मुख्य प्रवेशद्वार, टिकट काउन्टर र वेटिङ एरिया सहित पुरुष शौचालय, २ वटा पसल र शौचालय, रेष्टुरेन्ट, मिनीमार्केट हल, बैंक ब्रान्च, पाँच तल्ले क्लक टावर, दुईवटा गार्ड हाउस, दुईवटा मेन गेट पब्लिक शौचालय र सर्भिस सेन्टर लगायतको संरचना निर्माण गरिएको छ ।

## अभिमुखीकरण कार्यक्रममा सहभागि हुन गृहमन्त्री लेखक आउदै

**दैनिक समाचारदाता**
**राजविराज, २९ बैशाख ।**

बैशाख ३१ गते बुधबारका दिन गृहमन्त्री एवं नेपाली काँग्रेसका केन्द्रिय सदस्य रमेश लेखकको प्रमुख आतिथ्यमा राजविराजमा अभिमुखीकरण कार्यक्रमको आयोजना हुने भएको छ ।

नेपाली काँग्रेस क्षेत्रिय समिति २ द्वारा बुधबार स्थानीय जिल्ला समन्वय समितिको सभाकक्षमा कार्यकर्ता अभिमुखी कार्यक्रमको आयोजना हुन लागेको हो ।

सोही सम्बन्धमा नेपाली कांग्रेस क्षेत्र नं. २ क्षेत्रिय समितिको बैठक विगत दुई दिनदेखी राजविराजमा चलिरहेको क्षेत्रिय सभापति महानन्द यादवले जानकारी दिए । आयोजित कार्यक्रममा सहभागि पश्चात् प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिरको दर्शन र साँझ एक वैवाहिक समारोहमा सहभागि

***बाँकी अन्तिम पृष्ठमा***

## शिव सेना नेपालका अध्यक्ष बस्नेत पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौँ, २९ बैशाख ।**

जिल्ला प्रहरी परिसर काठमाडौंले गत चैत १५ गतेको तीनकुने घटनामा संलग्न रहेको अभियोगमा शिव सेना नेपालका अध्यक्ष अनिल बस्नेतलाई पक्राउ गरेको छ ।

अध्यक्ष बस्नेतलाई काठमाडौंको सुकेधाराबाट आइतबार पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

Wisdom School
Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
- CC Camera को निगरानीमा पठनपाठन गराइने ।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय ....

### अपाङ्गता भएका व्यक्तिहरु राज्यबाट अझै बञ्चित

अपाङ्गता भएका व्यक्तिका लागि आवश्यकताका आधारमा मापदण्ड अनुरुपको सहायक सामग्री वितरणका लागि 'सहायक प्रविधि सामाग्री सेवासम्बन्धी राष्ट्रिय मापदण्ड २०७८' जारी गरिएको भए पनि सरकारी संयन्त्रहरूमा नै यसको प्रयोग गरिएको पाईंदैन । जसकारण अपाङगता भएका व्यक्तिहरु अहिले पनि राज्यबाट पाउने विभिन्न खाले सेवा सुविधाबाट बञ्चित हुनु परेको छ । उनीहरु बारे प्रदेश र स्थानीय स्तरका जनप्रतिनिधिहरू नै राम्रोसँग जानकार नहुँदा ऐन, कानुन, नीति, नियमहरूको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

राज्यले अझै विस्तृत तथ्याङ्क राख्न नसकेकोले उनीहरु ती सेवा सुविधाबाट बञ्चित हुन परेको हो । भौतिक संरचना र सञ्चार सेवाहरू अपाङ्गता मैत्री नभएका कारणले धेरै अपाङ्ता भएका व्यक्तिहरूको दैनिक जीवन कष्टकर बनेको छ । उनीहरूले अन्य सरह सेवासुविधा र अवसरहरू उपयोग गर्नबाट बञ्चित छन् । अपाङ्गता भएका व्यक्तिका लागि राज्यले शिक्षा र स्वास्थ्यसम्बन्धी सेवाहरू उपलब्ध गराउन सकेको छैन् । अपाङ्गता भएका बालबालिकाहरू अझै पनि विद्यालय बाहिर रहेका छन् भने विद्यालयमा पढ्दै गरेका बालबालिकाहरूले पनि अझै अन्य व्यक्तिसरह समान रूपमा शैक्षिक गतिविधिमा सहभागी हुन पाएका छैनन् ।

तसर्थ उनीहरुको सम्पूर्ण सेवा सुविधा तथा एने कानुनलाई कार्यान्वयनका लागि सबै सरोकारवालाको प्रयास आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जलवायु न्यायका लागि पैरवी गर्ने अन्तर्राष्ट्रिय मञ्च

**डा महेश्वर ढकाल**

काठमाडौँ, २५ वैशाख (रासस) ।

नेपाल सरकारले आगामी जेठ २ देखि ४ गतेसम्म प्रतिक्षित सगरमाथा संवाद गर्दैछ । यो कार्यक्रम २०७६ सालमै गर्ने भनेर सुरु गरेको कार्यक्रम हो । कोभिड-१९ का कारण उक्त समयमा अन्तिम समयमा आएर स्थगित गर्नुपरेको थियो । नेपालको इतिहासमा हालसम्म धेरै प्रकारका ठूला कार्यक्रम भएका छन् । तर यसपटक सगरमाथा संवाद भने अलि छुट्टै तरिकाले गर्नुपर्छ भन्ने आशयले गर्न लागिएको छ ।नेपाल पर्वतीयमुलुक भएको र धार्मिक तथा प्राकृतिक रूपमा सम्पन्न मुलुक हो । यी लगायत विषयमा नेपालको पहिचान विश्वभरी फैलिएको छ । जलवायुका क्षेत्रमा हामीले जे जति धेरै कामहरू गरियो, ती राम्रा कामहरूलाई जुन दायरामा उजागर गर्नुपर्ने हो, त्यसरी भएको छैन् । त्यसमा कहीँ कतै कमिकमजोरी हुनसक्छ । यो कुराको हामीलाई अनुभूति भएको छ । अर्कोतिर जलवायु परिवर्तनको हिसाबले हामी बढी जोखिममा रहेको कुरा सबैले भोगेको यथार्थ नै हो ।नेपाल सगरमाथाको देश, बुद्ध जन्मेको देश, पवित्र र धार्मिकस्थल भएको देश हो । नेपालले आफ्नो इतिहासमा कहीँकतै आफ्नो स्वभिमान गुमाएको छैन् । यी कुराहरू हामीले अन्तरराष्ट्रिय समुदायलाई भन्न सकियो कि सकिएन भन्ने कुरा पनि हो । मुख्यगरी राजनीतिक अस्थिरता र त्यसपछिको शान्ति र स्थायित्वसँगै नेपाल स्थिरतातर्फ जाँदैछ भन्ने सन्देश दिनु मुख्य कुरा हो भनी यो संवाद गर्न लागिएको प्रधानमन्त्री केपी शर्मा ओलीले प्रष्ट पार्नुभएको छ ।

यसमा सबै विषयगत क्षेत्रका राजनेता, अध्येयता र अनुसन्धानकर्ता, निजी क्षेत्र र नीति निर्मातालगायत सबै तह र तप्काका मानिसहरूलाई एक ठाउँमा बोलाएर जलवायुका विषयवस्तु बारेमा छलफल हुनेछ । यसले समाजको बुझाइलाई फराकिलो बनाउँदै आउँदा दिनबाट त्यसको भविष्य निर्माण गर्नको लागि सबैलाई सजिलो होस् भनेर यसलाई बहुआयामिक फोरमको रूपमा विकास गर्न खोजिएको हो । अहिलेको नीति अनुसार दुई/दुई वर्षमा आयोजना गर्ने भनिएको छ । यसपटक हुन लागेको पहिलो संस्करण भने 'जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेको प्रभावका विषयसँग सम्बन्धित रहेको छ । यसले मानवतामाथि भविष्यमा आउन सक्ने सङ्कटको बारेमा बढी जोड दिनेछ, विचार विर्मश हुनेछ ।समुदायमा पनि सबैभन्दा चर्चाको विषय भएको, हामी संसारको सबैभन्दा अग्लो हिमाल सगरमाथा लिएर बस्ने तर त्यसको संरक्षणमा उचित ध्यान जान नसकेको देखिन्छ । हिमताल बन्ने र फुट्ने, तल्लोतटीय क्षेत्रमा आउने बाढीपहिरो, डुबान र त्यसले पारेको धनजनको क्षति र त्योसँग जुध्नको निम्ति सरकारले अहिलेसम्म गरेको लगावलाई उजागर गरिनेछ ।

जलवायुका सम्बन्धमा हामीले गर्नसक्ने कति हो, हामीले गर्न नसक्ने क्षेत्र कुन-कुन हो भनेर पहिचान गरिनेछ । मुख्यगरी संवादका चारवटा उद्देश्य रहेका छन् । एउटा भनेको जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा पारेका असरहरूको विषयमा सबैको साझा धारणा बनाउने हो । त्यो भनेको के हो भने हिमालहरू जति भिराला छन्, त्यति नै जलवायुको उच्च जोखिममा छन् । किनभने भिरालो जमिनमा भएका हिमतालहरू हिउँ पग्लिदा फुट्न सक्ने सम्भावना बढी हुन्छ । त्यो विज्ञानले प्रमाणित गरेको विषय पनि हो ।भिराला हिमालहरूमा हिँउ छिटो पग्लियो भने बाढीपहिरो र डुबानको समस्या बढी हुन्छ । र त्यसमा राज्यले बढी लगानी गर्नुपर्ने हुन्छ । अहिले जलवायु परिवर्तनको जोखिम यसरी अगाडि आएको छ कि जुन जोखिमसँग जुध्नको लागि राज्यका सम्पूर्ण स्रोत र साधन लगाउँदा नेपाल सरकारले नेपाली जनताको जीविकोपार्जनमा अथवा उनीहरूको समृद्धिमा लगाउनुपर्ने बजेट पनि जलवायु परिवर्तनका जोखिमसँग जुध्नको निम्ति लगाउनुपर्ने हुन्छ । यसले गर्दा अहिले हामी समृद्ध हुन सकिरहेका छैनौँ । विकासमा लगाउनुपर्ने बजेट, नयाँ नयाँ 'इनोभेसन'मा सोच्नुपर्ने समय विपद र उद्धारमा लगाउनुपर्ने बाध्यता छ । यसका साथै जलवायुका असरसँग जुध्नसक्ने क्षमता पनि बढाउनुपर्छ । सगरमाथा संवादमा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण गर्नका लागि पनि पहल हुनेछ ।

यसका साथै जलवायु परिवर्तनबारे समाजका सबै तह र तप्कामा साझा धारणा बनाउन पनि यो संवाद फलदायी हुने अपेक्षा गरेका छौँ । सरकारका साथै निजी क्षेत्र, सरकारी, आमसञ्चार माध्यम, नागरिक समाजमा साझा धारणा बनाउनु आवशयक छ । दोस्रो विषय भनेको जलवायु परिवर्तनको पैरवी हो । अथवा जलवायु न्याय हो । जलवायु न्यायका बारेमा आफ्नो हक अधिकार स्थापित गर्नु पनि संवादको अर्को उद्देश्य हो । हामी अहिले पनि प्राकृतिक स्रोत र साधन संरक्षण गर्नमा केन्द्रित छौँ । यसका बाबजुद एकातिर प्राकृतिक स्रोत र साधनबाट प्रर्याप्त लाभ लिन सकेका छैनौँ, अर्कोतिर जलवायु परिवर्तनको सबैभन्दा जोखिममा रहेका छौँ । अथवा अर्को शब्दमा भन्ने हो भने न्यून कार्बन उत्सर्जन गरेर अति संवेदनशील अथवा उच्च जोखिममा रहेका देश र जनतामा नेपाल पर्दछ । हामीले प्रकृति संरक्षण गर्न ठूलो योगदान गर्‍यौँ । तर जलवायु परिवर्तन हुनमा हाम्रो योगदान नगण्य छ । हामीले न अरुले गरेको जोखिमबाट उचित क्षतिपूर्ति पायौँ, न हामीले संरक्षण गरेका प्राकृतिक स्रोतको उचित लाभ पायौँ । यो कुरा सगरमाथा संवादको सबैभन्दा महत्वपूर्ण बहस हुनेछ ।

नेपालले ४५ प्रतिशत वन क्षेत्र ओगटेको छ, २३ प्रतिशत संरक्षित क्षेत्र छ । त्यसमा बाघ, भालु जस्ता वन्यजन्तुका साथै प्राकृतिक स्रोतको संरक्षण गरिएको छ । खासगरेर जैविक स्रोतको संरक्षण गरेर हिँउबाट सिर्जित भएका हाम्रा नदीनालाहरू जस्तै पृथ्वीको तापक्रमलाई न्यून राख्नका लागि नेपालको भूमिका छ । प्राकृतिक प्रक्रियालाई निरन्तरता दिनको लागि नेपालले जुन भूमिका खेलेको छ, समग्रमा त्यसको मूल्याङ्कन हुन सकेको छैन् । नेपालले संरक्षण गरिरहेको प्राकृतिक स्रोत/साधनबारे खासै बह्स पनि भएको छैन । त्यसको भुक्तानीको अवस्थाको बारेमा पनि सोचिएको छैन । त्यसो भएकाले हामीले अहिले 'इकोसिष्टम' सेवालाई सम्मान गर, त्यो भन्दा भढी भुक्तानी पनि गर, भनेर भनेका छौँ । हामीले एकातिर जलवायु परिर्तनले पारेको जोखिमको न्याय माग्न खोजिरहेका छौँ ।

अर्कोतिर हामीले योगदानको पनि मूल्याङ्कन गर भन्न खोजिरहेका छौँ । वन, जैविक विविधताको संरक्षण गर्न जुन भूमिका र लगानी नेपालले गरेको छ, लगानी गरेवापत हामीले अन्तरराष्ट्रिय समुदायबाट खासै लाभ लिन सकेका छैनौँ । हामीले संरक्षण गरेको हावा संसारका मानिसहरूले उपभोग गरेका छन् । हामीले संरक्षण गरेको सफा पानी तल्लोतटीय क्षेत्रका देश र समुदायले खानेपानी, कृषिमा, सिँचाइमा र जलविद्युत्मा अथवा अन्य उपयोगमा पर्याप्त मात्रामा उपयोग गरेका छन् । त्यसको पनि हामीले लाभ लिन सकिरहेका छैनौँ । अब हामीले आउँदा दिनहरूमा दुईवटै भनाइलाई सन्तुलनमा मिलाएर लैजानुपर्छ । क्षतिपूर्तिबाफत जलवायु वित्त आयो भने भोलि नेपालको जलवायुको लागि अनुकूलन क्षमता पनि बढ्छ । आर्थिक उपार्जन भयो भने विकास र समृद्धिको बाटाहरू पनि खुल्छन् भनेर हामीले त्यो पाटोमा छलफल गर्न खोजेका छौँ ।

तेस्रो उद्देश्य भनेको, जलवायु परिर्वतन विश्वव्यापी एजेण्डा भएको र त्यसको प्रभाव बहुआयामिक भएकाले नेपाल एक्लैले कही गर्न सक्दैन । यसमा हामी सबैसँग मिलेर जलवायु परिर्तनसँग जुध्नसक्ने क्षमता बनाउनु पनि सगरमाथा संवादको उद्देश्य हो । नेपाल अन्तर्राष्ट्रिय समुदायसँग सधैँ मिलेर काम गर्न चाहन्छ । त्यसकारण यो सगरमाथा संवादको प्रतिफल निकाल्न खोजिरहेका छौँ, त्यसमा पनि हामीले यो कुरा जोड्न खोजिरहेका छौँ । चौँथो उद्देश्य भनेको नेपाल सगरमाथाको देश हो । धेरै हिमालहरू भएको देश हो । हामी जलवायु परिर्तनको उच्च जोखिमका रहेका हुनाले यो एजेण्डालाई भोलि जलवायु परिवर्तन संरचना महासन्धिमा मुख्य एजेण्डाका रूपमा निरन्तरता दिनुपर्छ भन्दै आएका छौँ । हिजोसम्म हाम्रो आवाज व्यक्तिगत मात्रै थियो । तर यो पटक हामीले छलफल नै गरेर नेपालले नेतृत्व गर्‍यो भने भोलिका दिनमा नेपालले सगरमाथा संवाद आयोजना गरेको थियो भन्ने हन्छ । त्यसकारण हामीले जलवायु परिवर्तनको सवाललाई अन्तरराष्ट्रियकरण गर्न पाउनुपर्छ भनेर सबैलाई बुझ्न, बुझाउन, छलफल गर्न सगरमाथा संवादले एउटा आयात थप्नेछ भन्ने हो । यी चार वटा अपेक्षा वा उद्देश्यहरू हुन् ।

**सगरमाथा संवादको हालसम्मको तयारी**

सगरमाथा संवादको सुरुमा उद्घाटन सत्र हुनेछ । त्यसमा नेपालले निमन्त्रणा गरेका विभिन्न देशका राजनीतिक तहका उच्च व्यक्तित्वलाई आमन्त्रण गरेका छौँ । यसका साथै विभिन्न देशका परराष्ट्रमन्त्री, वनमन्त्री र अन्य विशिष्ट महानुभावलाई निमन्त्रणा गरेका छौँ । सम्बन्धित राष्ट्रका प्रतिनिधिहरूले आफ्नो राष्ट्रको धारणा राख्नुहुनेछ । त्यसलाई हामीले उच्चस्तरीय सत्र भनेका छौँ । नेपालको तर्फबाट स्वयं प्रधानमन्त्री ज्यूले नै नेतृत्व गर्नुहुनेछ । त्यसपछि हामीले विभिन्न पाँच वटा विषयगत क्षेत्रमा १२ वटा समूहगत छलफल राखेका छौँ । त्यसमध्ये पहिलो विषय भनेको 'वियोङ माउण्टेन्स लिङ्किङ माउण्टेन टु ओसियन' भनिएको छ । यसमा हिमालदेखि समुद्रसम्मको सम्बन्धलाई अगाडि पढाउने भन्ने हो । हिमालको मात्रै कुरा गरियो भने सीमित हुन्छ । हामीले माथिल्लो समुदायलाई सहयोग गरेनौँ भने स्वच्छ पानी पाइँदैन भन्ने बुझाउन अपरिहार्य छ ।

अर्को समूहगत सत्रमा 'कम्युनिटी लेड इनिसियटिभ इन कलाइमेट एक्सन' विषयमा छलफल हुनेछ । त्यसको लागि हामी कहाँ सामुदायिक वन उदाहरण छ । समुदायले जलवायु अनकुलनमा खेलेका भूमिकाको असल अभ्यासलाई विश्व समुदायको बीचमा कसरी पुऱ्याउने भन्ने हो । नेपालले गरेका असल अभ्यास जुन समुदायबाट सिर्जित छन् । ती कुरालाई अन्तर्राष्ट्रिय समुदायसँग भन्ने र अन्तर्राष्ट्रिय समुदायले गरेका त्यस्तै प्रकृतिका काम छन् भने नेपालले पनि सिक्ने हो । अर्को सत्रमा 'ग्रिन इकोनोमी'मा छलफल हुनेछ । त्यसैगरी जलस्रोतको विषयलाई पनि समेटिएको छ । जलस्रोतमा जलविद्युत्लाई प्रमुख पूर्वाधारको रूपमा हामीले लिएका छौँ । त्योसँग जोडिएको खानेपानी, सिँचाइ, भूमिगत तहमा भएका पानी र त्यसले जलवायु अनुकूलनमा खेलेका भूमिकालाई समग्रमा हेर्नुपर्छ भनिएको छ । अर्को भनेको, प्रकृतिमा आधारित पर्यटन हो । प्रकृति र संस्कृतिमा आधारित पर्यटनलाई नेपालको आर्थिको उपार्जनको क्षेत्रको रूपमा लिइएको छ ।

अर्को समूहगत विषय भनेको जलवायु परिवर्तनको हानी नोक्सानीको विषय हो । सकेसम्म हानी नोक्सानी हुनै नदिने, भयो भने पनि त्यसलाई न्यूनीकरण गर्ने । हरेक प्रयास गर्दा पनि हानी नोक्सानी भयो भने पनि त्यसलाई क्षतिपूर्तिसहित सम्बोधन गर्ने हिसावले छलफल गर्नुपर्छ भनेका छौँ । अर्को विषय भनेको प्राकृतिक विपद्मा कुन क्षेत्र कति संवेदनशील छ, कुन क्षेत्र संवेदनशील छैन भन्ने आधारमा सचेत गर्ने कुरा हो ।

त्यो सूचनाको आधारमा जीविकोपार्जन, खेती प्रणाली, उद्योग व्यवसाय, हरेक मानिसले गर्ने निर्णयहरू जलवायु सूचनाको आधारमा जाने प्रक्रियाको विकास

*बाँकी अन्तिम पृष्ठमा*

# बुद्ध पूर्णिमा : जुन अनित्य छ, त्यो दुःखदायी हुन्छ

**राजु शाक्य**

काठमाडौँ, २९ वैशाख (रासस)।

एक दिन बिहान भगवान् बुद्धलाई आफ्नो अनुयायीहरूले सुनाए कि अङ्गुलिमालले आफ्नी आमालाई मार्न गइरहेको छ। यस जघन्य अपराध हुनबाट रोक्नु श्रेयस्कर हुन्छ भन्ने उहाँलाई लाग्यो। त्यतिखेर अङ्गुलिमालको नाम सुनेरै मानिसहरू तर्सिन्थे। उनको क्रूरतालाई सदाका लागि बन्द गर्न कोशल देशको भारदारीसभाले अङ्गुलिमाललाई मृत्युदण्ड दिने निर्णय सुनाएको थियो। यसबाट व्यग्र बनेकी माता छोरोलाई अन्तिम चोटि आफ्नै आँखा सामुन्ने हेर्न चाहन्थिन्। तिनले भेट्न नपाउँदै बुद्ध अङ्गुलिमालको अगाडि देखा पर्नुभयो। श्रावस्तिमा भिक्षाटन पछि अङ्गुलिमाल भएकै जङ्गलको बाटोबाट फर्कन खोज्दा त्यहाँ खेतमा काम गरिरहेका किसानहरूले बुद्धलाई उक्त बाटो भई नजान सल्लाह दिएका थिए तर, उहाँले मान्नुभएन।

अङ्गुलिमाल एक व्यक्तिको मात्रै प्रतीक्षामा थिए। जो कसैलाई मारेर एक औँठा मात्रै जुटाउन पाए हुन्थ्यो भन्ने ध्याउन्नामा थिए र एक हजार औँठा जम्मा पार्ने उसको वर्षौंसम्मको अभियान सफल हुँदैथियो। बुद्धलाई देखेपछि आफ्नो उद्देश्य अब पूरा हुने भयो भन्ने ठानेर ऊ बुद्धलाई भेटाउन पछि पछि कुद्न थाल्यो। जति कुँदे पनि भेटाउन नसकेपछि त्यो पुरुष को होला भन्ने कूतुहल उसमा जाग्यो र सोध्यो - "तिमी को हौ ? अडिनू।"

उनले अगाडि भने, "म देखेर अलि कति पनि डराएनौँ। म कुदेकोकुदचै छु र थाकिसकेँ पनि। तिमी थाकेका छैनौँ। आत्तिएका पनि छैनौँ। यसअघि मेरो सामुन्ने कसैले उभिनसम्म हिम्मत गर्न सक्दैनथे।" प्रत्युत्तरमा बुद्धले भन्नुभयो, "म कुदेको छैन। तिमी पो यो संसारमा लगातार कुदिरहेका छौँ। भागदौड गरिरहेका छौँ। क्षणिक सुखका लागि आफैँलाई दुःखको भूमरीमा धकेलिरहेका छौँ। सोच त, तिमी त वास्तवमै अहिंस्रक हौ नि !"

तीक्ष्ण बुद्धिका अङ्गुलिमाललाई तत्क्षण नै होस जाग्यो कि उसले मूर्खतावश यी सब नकाम गरिरहेको छु भनेर। उनलाई बुबाआमाले राखिदिएको नाम अहिंस्रक थियो। आफ्नो कुकर्मप्रति उनलाई भयङ्कर पश्चाताप र ग्लानि भयो। बिना विलम्ब उनले बुद्धसामु भिक्षु बन्न अनुनय गरे र उनी भिक्षु भए। उनकी आमा मारिनबाट बचिन्। जन्म दिने आमाको हत्या गर्नबाट अङ्गुलिमाल बच्यो। त्यसभन्दा ठूलो कुरा अङ्गुलिमालले हिंसालाई त्याग्यो र मुक्तिको मार्ग भेट्टायो।

बुद्धले बुद्धत्व लाभ गर्नुभएपछि बहुजन हित बहुजन सुखका लागि ४५ वर्षसम्म गाउँ-गाउँ सहर-सहर घुम्नुभयो। विश्राम लिनु भएन। क्षणिक सुखका पछाडि नदौडेर स्थायी सुखको खोजीमा लाग्न दुःखीजनलाई उत्प्रेरणा दिँदै हिँड्नुभयो। बाटो देखाउँदै अघि बढिरहनुभयो। मेरो शरणमा आउ, म मुक्ति दिलाइदिन्छु भनेर बुद्धले आफूकहाँ आउने कसैलाई पनि कुनै आश्वासन दिनुभएन। सांसारिक सुख, वैभव, पद वा प्रतिष्ठाका लागि दिनरात नभनी भागदौड गरिरहेका अज्ञानीजनलाई सांसारिक वस्तु सबै क्षणभङ्गुर छन्, नाशवान् छन्, परिवर्तनशील छन्, त्यसैले ती अनित्य हुन् भन्ने ज्ञान बाँड्नुभयो। जुन अनित्य हुन्, ती सुखकर हुँदैनन्, दुःखदायी हुन्छन्। अनित्य र दुःखदायी वस्तु 'म' र 'मेरा' हुन सक्दैनन्, त्यसकारण अनात्म हुन्। त्यसमाथि कसैको पनि वश चल्दैन। ती शाश्वत र अजर अमर भएर रहन सक्दैनन्। अनित्य, अनात्म र दुःखदायी कुराहरू त्यसकारण त्याज्य छन् भन्ने जीवन दर्शनलाई उहाँले जीवनको अन्तिम क्षणसम्म पनि जनसाधारणलाई सम्झाउँदै बुझाउँदै हिँड्नुभयो।

बुढ्यौलीले जर्जर भइसकेको आफ्नो शरीरलाई थोत्रो गाडाजस्तो ठान्नु हुने उहाँले आफ्नो शरीरलाई त्यागेर महाप्रस्थान गर्न लाग्दाको अन्तिम घडीसम्म पनि विश्राम लिनुभएन। यो दौड उहाँको बुद्धचर्या थियो, जुन मैत्री र करुणाले ओतप्रोत थियो। अशक्तावस्थामै सुभद्र नामका एक जिज्ञासु बुद्धलाई भेट्न पाउँ भनेर जिद्दी गर्दै थिए। उनले संसारमा बुद्धको दर्शन अत्यन्त दुर्भल हुन्छ भनेर आफ्नै गुरुको मुखबाट सुनेका रहेछन्। भिक्षुहरूले देह त्याग्ने अन्तिम घडीमा कष्ट हुन्छ भनेर बुद्धसामु जानबाट रोकिरहेका थिए। तर, आफूकहाँ आएर प्रश्न राख्ने उत्कट चाहना बोकेर आएका सुभद्रलाई बुद्धले नरोक्न भन्नुभयो।

सुभद्रको प्रश्न थियो, "संसारमा सबैले आ-आफ्नै धर्म-सम्प्रदाय सर्वश्रेष्ठ छ भन्ने गर्छन्। सर्वश्रेष्ठ धर्म-सम्प्रदाय छुट्याउने कसी के होला ?" बुद्धको जवाफ थियो, "जुन धर्म विनयमा आर्य अष्टांगिक मार्ग हुँदैन, त्यस धर्म विनयमा श्रमण (भिक्षु) हरू हुँदैनन्। जुन धर्म विनयमा आर्य अष्टाङ्गिक मार्ग हुन्छ, त्यहाँ श्रमणहरू हुन्छन्। अरु धर्म विनयमा श्रमणहरू छैनन्। श्रमणहरूले राम्रो धर्माचरण गरी बसे भने यस लोकमा अर्हत (मुक्त पुरुष)हरू बिलाउने छैनन्।"

बुद्धले वैराग जगाउने धर्म-सम्प्रदाय श्रेष्ठ हुन्छ भनी आफ्नो अभिमत जाहेर गर्नुभएको हो। धर्मको नाममा गरिने नाना थरिका व्रत, यज्ञ, उपवास, मूर्ति पूजा वा ईश्वरको शरणले मुक्ति नदिने बरु मुक्तिका लागि कसैको भर नपरी आफ्नो ज्योति आफैँ बन्ने, होसपूर्वक जिउने दर्शन अँगाल्न त्यतिखेरको समाजलाई बुद्धले उत्प्रेरणा दिनुभएको हो। यही धर्माचरणले मुक्ति दिलाउने हो। त्यो दर्शन मार्ग आर्य अष्टाङ्गिक मार्ग हो, जसमा शील, समाधि र प्रज्ञा समाहित छ। बुद्धका अनुसार सुख र स्वर्गको कामना नगर्ने वितरागी नै सच्चा श्रमण हुन्।

बुद्धको यस उपदेशबाट सुभद्र मुक्त पुरुष भए। उनी बुद्धसँग अन्तिम संवाद गरी अर्हत लाभ गर्ने सौभाग्यशाली अनुयायी बने। "म निर्वाण भएपछि अब हामीलाई सिकाउनु हुने गुरु रहेनन् भन्ने तिमीहरूलाई लाग्न सक्छ। अलमल नहुनू। आजसम्म मैले धर्म र विनयका बारे जे जति प्रज्ञप्ति गरेको छु ती सबै नै तिमीहरूका शास्ता हुन् भनेर सम्झिनू" उहाँले भिक्षु सङ्घलाई यसरी मार्गनिर्देश गर्नुभयो। यसअघि पनि उहाँले आफ्ना सेवक भिक्षु आनन्दसँगको संवादमा "अब मैले बताउन बाँकी कुनै विषय रहेन, मसँग आचार्यमुष्ठि छैन" भनेर भन्नुभएको थियो। आफूले तीन महिनापछि देहत्याग गर्नेछु भनेर घोषणा गरेको दिन उहाँले यो भेद खोल्नुभएको थियो। बुद्धको यस कथनबाट आफ्ना अनुयायी भिक्षुहरूलाई कस्तो प्रकारबाट ज्ञान बाँड्ने वा मार्ग निर्देशन दिने गर्नुहुन्थ्यो भन्ने थाहा लाग्छ।

निर्वाणमा जान अब धेरै समय बाँकी नरहेको भाव प्रकट गर्दै उहाँले धर्म र विनयबारे कुनै दुविधा वा शङ्का भए सोध्न एकत्रित भिक्षु सङ्घलाई भन्नुभयो। कसैबाट प्रश्न आएन। दोस्रो र तेस्रो चोटि पनि उहाँले यही कुरा दोहोऱ्याउनुभयो। तर, सबै भिक्षु मौन बसे, कसैले प्रश्न सोधेन। तत्पश्चात् उहाँले भिक्षुहरूलाई सम्बोधन गर्दै अन्तिम उपदेश दिनुभयो, "सबै संस्कार अनित्य भएको बुझेर अप्रमाद भई कुशल धर्म सम्पादन गर्नू।"

बुद्धले सदैव होशपूर्वक जीवन जिउन सम्झाउनुभयो। काय, वाक् र चित्तको विशुद्धिमा जोड दिनुभयो। मानसिक विकार र क्लेश क्षय गर्न घच्घच्याई रहनुभयो। कुशल कार्य गरी पुण्य सञ्चय गर्न र मानसिक सन्ताप एवं दौर्मनस्य उत्पन्न गर्ने अकुशल कर्मबाट बचेर रहन सचेत गरिरहनुभयो। त्रिविष (लोभ, द्वेष र मोह)मा लिप्त नभई अलोभ, अद्वेष र अमोह (प्रज्ञा चक्षु) को आश्रय लिन उपदेश दिइरहनुभयो। सांसारिक भोगविलाशमा लिप्त रहने मानिसलाई फलामलाई उसैबाट उब्जेको खियाले खाए जस्तै दुर्गतितिर धकेल्ने बुद्धोपदेश सबैका लागि मननीय छ। उहाँको अर्को उपदेश थियो, शरीरलाई कष्ट दिएर हठचर्या नगर्नू।

लोभले लालायित, द्वेषले दग्ध र वासनाले वसिभूत अनार्य पृथग्जनलाई बुद्धले आफ्नो जीवनकालमा मूलतः दुई कुरा सिकाउनुभयो- दुःख र दुःखबाट मुक्ति। जन्मनु, बुढो हुनु, रोगी हुनु, मर्नु, अप्रियसँगको सहबास, प्रियसँगको विछोड, इच्छित वस्तुको अप्राप्ति सबै दुःख हुन्। यो चतुर्महाभूतले बनेको हाडछालाको शरीर रहेसम्म यी दुःखकष्टले सताइरहन्छ। यो शरीर रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानको पुञ्ज हो। यो पुञ्ज नश्वर छ र व्याधि तथा दुःखको खानी हो। शरीर (रूप)मा उत्पन्न हुने दुःखद् वा सुखद् वेदनाहरू अनित्य प्रकृतिका छन्, दुःखदायी छन्। चित्त (विज्ञान) चञ्चल र अनित्य प्रकृतिको छ र यसले हरपल सताइरहन्छ। अविद्याले मूढ र तृष्णाले अन्धो बनेका मानिस क्षणिक सुखका लागि रातदिन भौँतारिरहेका हुन्छन्। दुःखैदुःखले भरिएको यो संसार देखेर उ वाक्कदिक्क छ तर अनित्यतालाई बुझ्न चाहँदैन, चाहे पनि उसलाई फुर्सद छैन।

शारीरिक कष्ट, मानसिक तनाव, वेदना-विरह, अहंकार, जलन, इर्ष्याले उकुसमुकुस यो संसारको दुःख स्वभाव र अनित्य स्वभावलाई बुझेर यसबाट मुक्ति पाउने उपाय खोजी हिँड्ने मानिसलाई तृष्णाले सताउँदैन, वासनाले अँठ्याउँदैन, सोही प्रज्ञानका कारण उ शान्त र धैर्यवान् हुन्छ। मानिस सुखद् अनुभूतिको चाह राख्छ, अप्रिय अनुभूतिको तिरस्कार गर्छ। जतिसुकै सुन्दर रुप होस्, जतिसुकै कर्णप्रिय आवाज होस्, जतिसुकै सुगन्धित बास्ना होस् वा स्वादिलो भोजन होस् ती सबै उत्पत्ति भई निरोध भएर जाने धातु स्वभाव मात्रै हुन्, सधैँभरि रहिरहने होइनन्। त्यसकारण अनित्य स्वभावका त्यस्ता वस्तुसँग टाँस्सिएर बस्नु व्यर्थ छ। मानव देह, वेदना र चित्तलाई यसरी नै फारिफारिकन हेर्न र बुझ्न सकियो भने 'म' र 'मेरो' भन्ने दृष्टि विलुप्त भएर जान्छ। परमार्थ सत्य साक्षात्कार हुन्छ। यस्तो सत्य अन्यत्र खोज्नु आवश्यक छैन, आफ्नो शरीरमै नियाल्ने हो भनेर भन्नु हुने बुद्धलाई त्यसकारण 'विभज्जवादी' भनेर पनि सम्बोधन गर्ने गरिन्छ।

यो शरीर म हुँ, यी मेरा हातखुट्टा हुन्, यी मेरा सन्तान हुन्, यी मेरा जमिन जायदात हुन्, यी मेरा दुश्मन हुन् भन्ने आत्मभाव (सत्काय दृष्टि) लाई हामी जहिलेसम्म बोकिरहन्छौँ, दुःखका शृङ्खला टुट्दैन। यस्तो मिथ्या दृष्टि रहेसम्म भवमा प्राणीको आवागमन निरन्तर चलिरहन्छ। बुद्धका सच्चा अनुयायीहरू प्रथमतः सत्काय दृष्टिलाई जरैदेखि उखेलेर फ्याँक्न प्रयत्नशील रहन्छन्। जो छँदै छैन, प्रज्ञप्ति मात्रै हुन्, पञ्चस्कन्ध (नाम र रूप) को पुञ्ज मात्रै हुन्, लाई अज्ञानता र तृष्णाको जालोमा फँसेका मानिस 'म' र 'मेरो' भन्दै बलियोसँग पक्डेर बसेका छन्। सम्यक दृष्टि वा ज्ञानचक्षु नभएर मानिस त्यसरी दिग्भ्रमित भएका हुन्। ज्ञानचक्षु उदय भएमा मात्रै मानिस बुँख्याचालाई मानव हैन बुँख्याचा मात्रै हो भनेर ठम्याउन समर्थवान् हुन्छ।

बुँख्याचालाई मानव सम्झेर गर्ने यही महाभूलले मानिसलाई भव चक्रमा धकेल्छ। यस्तो बुझाइ नै मिथ्या दृष्टि हो भनेर बुद्ध दर्शनले हामीलाई सिकाउँछ। मानिसलाई भव चक्रमा बाँधिराख्ने दश भव संयोजनमध्ये सत्काय दृष्टि पहिलो र सबैभन्दा बलशाली बन्धन हो। 'अर्हत' भनेका यिनै दश संयोजन वा बन्धनलाई चुँडालिसकेका मुक्त पुरुष हुन्। विचिकित्सा (अनावश्यक शङ्का), शीलव्रतपरामर्श (अन्धविश्वास), कामराग (वासना), पटिघ (अरुप्रतिको दुर्भावना), रूपराग (रुप भुवनको चाहना), अरूपराग (अरुप भुवनको चाहना), मान (घमण्ड), औद्धत्य (चित्तको चञ्चलता), अविद्या (अज्ञानता) बाँकी नौ बन्धन हुन्।

ममकार र अहंकारले सिर्जना गर्ने यो लोभी संसारलाई यही साढे तीन हातको शरीरभित्र राम्ररी नियालेर बुझ्ने प्रयास गर्न महामानव बुद्धले सिकाएर जानुभएको छ। कसैको लहलहैमा नलागी आफ्नै विवेकको कसीमा घोटेर हेर्दा सही जँचे मात्रै कुनै वाद वा सिद्धान्तलाई स्वीकार्नु भन्ने उहाँको उपदेशमा त्रास, धम्की र प्रलोभन फेला पर्दैन, बरु चिन्तन-मन्थनमा त्यो हदसम्मको स्वतन्त्रता प्राप्त छ। बेहोशीमा हजारौँ हजार वर्ष जिउनुभन्दा होशपूर्वक एक दिन जिउनु उत्तम हो भनेर सिकाउनु हुने उहाँ महामानव बुद्धको परिनिर्वाण मात्र हैन, लुम्बिनी उपवनमा राजकुमार सिद्धार्थको जन्म र उरुबेला बुद्धगयामा उहाँलाई बोधिज्ञान लाभ पनि वैशाख पूर्णिमा (बुद्ध पूर्णिमा) कै दिन भएकाले विश्वभरका बौद्धहरूको लागि यो दिनको अत्यन्तै ठूलो महत्व छ। (लेखक राससका नायब महाप्रबन्धक हुनुहुन्छ)

## विश्व समाचार

### पाकिस्तानसँगको युद्धविरामपछि भारतीय सेनाद्वारा 'पहिलो शान्त रात' घोषणा

पुँच (भारत), २९ वैशाख (रासस/एएफपी)।

अप्रत्याशित रूपमा शनिबार सहमति भएको युद्धविरामपछि दुई परस्पर प्रतिद्वन्द्वी भारत र पाकिस्तानबीचको सीमा शान्त भएको र 'हालका दिनहरूमा पहिलो शान्त रात' भएको भारतीय सेनाले सोमबार जनाएको छ।

यो युद्धविराम दुई देशबीच चार दिनसम्म चलेको क्षेप्यास्त्र, ड्रोन र तोपखाना आक्रमणहरू पछि सहमति भएको थियो। आक्रमणमा कम्तीमा ६० जनाको मृत्यु भएको थियो भने हजारौँ मानिस भाग्न बाध्य भएका थिए।

यो सन् १९९९ मा आणविक-सशस्त्र प्रतिद्वन्द्वीहरूको अन्तिम खुला द्वन्द्वपछिको सबैभन्दा खराब हिंसा थियो र यसले पूर्ण रूपमा युद्धमा परिणत हुनसक्ने विश्वव्यापी आशङ्का उत्पन्न गरेको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सामाजिक सञ्जालमा अप्रत्याशित रूपमा युद्धविरामको घोषणा गरेको केही घण्टापछि नै दुवै पक्षले एक-अर्कालाई युद्धविराम उल्लङ्घन गरेको आरोप लगाएपछि सुरुमा शङ्काहरू उत्पन्न भएका थिए।

"काश्मीर र अन्तर्राष्ट्रिय सीमासँगका अन्य क्षेत्रमा रात धेरै हदसम्म शान्तिपूर्ण रह्यो", भारतीय सेनाले भनेको छ, "हालैका दिनहरूमा पहिलो शान्त रातलाई सङ्केत गर्दै कुनै घटना रिपोर्ट गरिएको छैन।"

भारतद्वारा प्रशासित विभाजित काश्मीरको सीमावर्ती सहर पुँचमा बन्दुकको गोली वा गोलाबारी बिनाको यो लगातार दोस्रो रात पनि थियो।

पछिल्लो द्वन्द्वमा पुँच सबैभन्दा बढी प्रभावित क्षेत्रहरू मध्ये एक थियो। यहाँ कम्तीमा १२ जना बासिन्दा मारिएका थिए भने अनुमानित ६० हजार बासिन्दामध्ये अधिकांश आफ्नो घर छाड्न बाध्य भएका थिए।

आइतबार मानिसहरू सहरमा फर्कन थालेका थिए। यद्यपि धेरैजसोलाई अझै पनि युद्धविराम धेरै समय टिक्ने छैन भन्ने चिन्ता थियो।

बुधबार बिहानै भारतले काश्मीरको पाकिस्तानी भागमा रहेको 'आतङ्कवादी शिविरहरू' लाई ध्वस्त पार्दै क्षेप्यास्त्र आक्रमण गरेपछि समग्र द्वन्द्वतर्फ खतरनाक लहर सुरु भएको थियो।

यो अप्रिल २२ मा भारत प्रशासित काश्मीरमा पर्यटकहरूमाथि भएको आक्रमणपछि भएको थियो, जसमा २६ जना सर्वसाधारणको मृत्यु भएको थियो।

भारतले पाकिस्तानलाई आक्रमणको समर्थन गरेको आरोप लगाएको थियो तर इस्लामाबादले संलग्नता अस्वीकार गर्दै तुरुन्तै भारी गोलाबारीका साथ आक्रमणको जवाफ दिएको थियो।

पाकिस्तानले पाँच भारतीय लडाकू विमान खसालेको दाबी गरेको छ। नयाँदिल्लीले यसबारे कुनै टिप्पणी गरेको छैन।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी सरकारले यस क्षेत्रको सीमित स्वायत्तता खारेज गरी नयाँदिल्लीबाट प्रत्यक्ष शासनमा लिएपछि सन् २०१९ देखि आतङ्कवादीहरूले काश्मीरमा कारबाही बढाएका छन्।

सन् १९४७ मा बेलायतबाट स्वतन्त्र भएदेखि विभाजित मुस्लिम बहुल काश्मीरलाई लिएर धेरै युद्धहरू लडेका दुवै देशले काश्मीरलाई पूर्ण रूपमा दावी गरेका छन्।

### अमेरिकी-इजरायली बन्धकको बदलामा युद्धविराम वा कैदीको रिहाइ हुने छैन

जेरुसेलम, २९ वैशाख (रासस/एएफपी)।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले सोमबार हमासले घोषणा गरेको अमेरिकी-इजरायली बन्धकको रिहाइले गाजा पट्टीमा युद्धविराम वा प्यालेस्टिनी कैदीहरूको रिहाइ नगराउने बताउनुभएको छ।

गाजामा सबै बन्धकको रिहाइ सुरक्षित गर्न सम्भावित सम्झौताका लागि वार्ता 'लडाइँको तीव्रताको तयारीका क्रममा' जारी रहने नेतान्याहुले आफ्नो कार्यालयले जारी गरेको विज्ञप्तिमा बताउनुभयो।

हमासले युद्धग्रस्त क्षेत्रमा युद्धविरामका लागि संयुक्त राज्य अमेरिकासँग प्रत्यक्ष वार्तामा संलग्न भएको खुलासा गरेसँगै उसले आइतबार गाजामा बन्दी बनाइएका अमेरिकी-इजरायली सैनिक एडन अलेक्जान्डरलाई रिहा गर्ने बताएको छ।

कुनै मिति नदिइए पनि २१ वर्षीय अलेक्जान्डरको परिवारले उनलाई 'आगामी दिनमा' रिहा हुनसक्ने जानकारी दिइएको बताएका थिए।

"इजरायलले कुनै पनि प्रकारको युद्धविराम वा आतङ्कवादीहरूको रिहाइको प्रतिबद्धता जनाएको छैन तर एडनको रिहाइलाई अनुमति दिने सुरक्षित मार्गका लागि प्रतिबद्ध छ", नेतन्याहुले भन्नुभयो।

अलेक्जान्डरको रिहाइको प्रतिज्ञा गाजा पट्टीमा 'सैन्य दबाब' मार्फत हासिल भएको उहाँले बताउनुभयो।

"हामी महत्त्वपूर्ण दिनहरूको बीचमा छौँ जसमा हमासलाई एउटा सम्झौताका साथ प्रस्तुत गरिएको छ जसले हाम्रा बन्धकहरूलाई रिहा गर्न सक्षम बनाउँछ", उहाँले भन्नुभयो।

यसअघि दुई हमास अधिकारीले अमेरिकासँग कतारको राजधानी दोहामा वार्ता जारी रहेको र 'प्रगति' भएको एएफपीलाई बताएका थिए।

यसैबीच इजरायली आक्रमणहरू जारी रहेको छ। गाजाको नागरिक सुरक्षा एजेन्सीले विस्थापित मानिसहरूलाई आश्रय दिने एक विद्यालयमा राति भएको इजरायली हवाई आक्रमणमा कम्तीमा १० जनाको मृत्यु भएको बताएको छ।

"जबालिया सहरमा दुई हजारभन्दा बढी विस्थापित मानिसको घर रहेको फातिमा बिन्ट असद स्कुलमा इजरायली हवाई आक्रमणपछि केही महिला र बालबालिकासहित कम्तिमा १० जना (मृत) र दर्जनौँ घाइते भएका छन्", नागरिक सुरक्षा प्रवक्ता महमुद बासलले भन्नुभयो।

गाजा लडाकुहरूले हमासको सन् २०२३ अक्टोबर ७ मा इजरायलमा भएको आक्रमणको क्रममा कब्जा गरिएका ५८ जना बन्धक राखेका छन्, जसमा इजरायली सेनाले ३४ जनाको मृत्यु भएको बताएको छ।

# शान्ति अहिंसालाई सबैले आत्मसात गरेर हिड्न सके मात्र समाज परिवर्तन गर्न सकिन्छ : मन्त्री लेखी



**दैनिक समाचारदाता**
**राजविराज, २९ बैशाख ।**
मधेस प्रदेशका गृहसंचार तथा कानुन मन्त्री राजकुमार लेखीले गौतम बुद्धले देखाएको बाटो शान्ति अहिंसालाई सबैले आत्मसात गरेर हिड्न सके मात्र समाज परिवर्तन गर्न सकिने बताएका छन् ।

२५६९ औं बुद्ध जयन्तीको अवसरमा थारु संस्कृति संरक्षण संघ नेपाल सप्तकोसीद्वारा सोमबार सप्तरीको सप्तकोसी नगरपालिकामा आयोजित विविध सास्कृतिक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

"गौतम बुद्धको उपदेश सबैका लागि अनुकरणीय रहेको छ, सबै बुद्धको अनुयायी भएर समाजमा परिवर्तनको लागि बुद्धको अनुसरण गर्नु पर्छ ।" मन्त्री लेखीले भने, "समाज हरेक जातजाती भाषा समुदायको साझा भएकाले बुद्धले देखाएको शान्तिको बाटो सबैले अबलम्बन गरेर हिडेमात्र मुलुकमा शान्ति तथा अमन चयन कायम रहने छ ।"

मुलुकमा गणतन्त्र स्थापना पश्चात् समावेसिताका कारण समाज मिलेर अगाडी बढिरहेकोले गणतन्त्रको बिकल्प नरहेको उल्लेख गर्दै उनले भने, "गणतन्त्र स्थापनापछि देशमा आमुल परिवर्तन र बिकासले गति लिएको छ, त्यसैले गणतन्त्रलाई सस्थापन गर्न सबै पक्ष एक भएर लाग्नु पर्छ ।"

कार्यक्रममा विभिन्न जनजाति थारु, नेवार, तामाङ, किरात लगायत समुदायको जातीय भेषभुषा सहितको झाकी तथा नृत्य प्रस्तुत गरिएको थियो ।

मन्त्री लेखीले सप्तकोसी नगरपालिका कम्युनिष्ट नेता तथा जेष्ठ नागरिक मुरारी कार्की र नेपाल पत्रकार महासंघ शाखा सप्तरीका सचिव खगेन्द्र कार्कीलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए भने उत्कृष्ट झाकी तथा नृत्य प्रस्तुत गरिएका नेवार समुदायको लाखे नाच, थारु समुदायको नृत्य तथा गायन तामाङ समुदायको तामाङ सेलोमा नृत्य गर्नेहरुलाई पनि उनले नगद पुरस्कारबाट सम्मान गरेका थिए ।

सप्तरीको सप्तकोसी नगरपालिका ४ तुलसि चौकमा थारु संस्कृति संरक्षण संघ नेपाल केन्द्रिय कमिटीका अध्यक्ष गयानन्द चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा सप्तकोसी नगरपालिका नगर प्रमुख कृष्णप्रसाद ढकाल, निवर्तमान नगर प्रमुख उत्तमकुमार शर्मा, जेष्ठ नागरिक मुरारी कार्की, नेपाल पत्रकार महासंघ सप्तरीका सचिव खगेन्द्र कार्की, सप्तकोसी नगरपालिका वडा न २ का वडा अध्यक्ष जाहिर हुसेन, त्रियुगा बहुमुखी सहकारीका अध्यक्ष चन्द्रशेखर चौधरी लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# कर छलीमा एक अर्ब २१ करोड असुल गर्न सञ्चालक देवमाथि मुद्दा

काठमाडौं, २९ बैशाख (रासस) ।
राजस्व अनुसन्धान विभागले बानेश्वरमा कार्यालय रहेको ध्रुव कन्स्ट्रक्सन प्रालिका सञ्चालक ध्रुव देवमाथि ठूलो रकम कर छली गरेको देखिएको उल्लेख गर्दै एक अर्ब २१ करोड रकम असुल उपर गर्नुपर्ने निष्कर्षसहित मुद्दा चलाएको छ ।

राजस्व चुहावटसम्बन्धी कसुरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी ध्रुव कन्स्ट्रक्सन प्रालिका सञ्चालक देवविरुद्ध उच्च अदालत पाटनमा राजस्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २० (६) बमोजिम मुद्दा दायर गरिएको विभागकी प्रवक्ता एवं उपमहानिर्देशक कृष्णकुमारी श्रेष्ठले जानकारी दिनुभयो । देवमाथि रु एक अर्ब २१ करोड राजस्व उठाउनुपर्ने माग दाबीसहित मुद्दा अघि बढाइएको उहाँले बताउनुभयो ।

काठमाडौं महानगरपालिका–३१ नयाँ बानेश्वरस्थित ठेकापट्टा, कन्सल्टेन्सी सेवा तथा कन्स्ट्रक्सन सामान खरिद बिक्री कारोबार गर्ने उक्त कन्स्ट्रक्सन प्रालिका सञ्चालक देवले वस्तु तथा सेवाको हस्तान्तरण नगरी बिलबिजक मात्र जारी गरेको, खरिद कारोबारको भुक्तानी बैंकमार्फत नगरेको तथा बिजक सिलसिलेवार जारी नगरेको देखिएको विभागको आरोप छ ।

यस्तै मूल्य अभिवृद्धि कर विवरण र आय विवरण दाखिला नगरेको, मूल्य अभिवृद्धि कर तथा आयकरतर्फ झुट्टा विवरण पेस गरेको, मालसामान खरिदको स्रोत पुष्टि नभएको तथा नेपाल सरकारलाई नियमानुसार तिर्नु बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर तथा आयकरलगायतका राजस्व नतिरेको विभागको आरोप छ ।

विभागले राजस्व चुहावट ( अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ विपरीत कार्य गरी सोही ऐनको दफा ४ बमोजिमको कसुर गरेको पुष्टि भएकाले प्रतिवादी देवलाई सोही ऐनको को दफा २ (छ १) बमोजिम मूल्य अभिवृद्धि करतर्फ रु ४५ करोड ८० लाख ८३ हजार ४३४ र आयकरतर्फ रु १४ करोड ६५ लाख ३१ हजार ८२४ बिगो बराबरको राजस्व छली गरेको प्रवक्ता श्रेष्ठले बताउनुभयो ।

सोही ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगो असुल तथा बिगोको शतप्रतिशत जरिवाना गरी रु एक अर्ब २० करोड ९२ लाख ३० हजार ५१६ असुलउपर गर्न तथा ऐनको दफा २३ को उपदफा (१)(घ) बमोजिम कैद सजायको मागदावी लिई अभियोगपत्र दायर गरिएको उहाँले बताउनुभयो ।

# 'आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्ति रोक्नुपर्छ'

पाटन (ललितपुर), २९ बैशाख (रासस) ।
जिल्ला समन्वय समिति ललितपुरले आयोजना गरेको चौमासिक समीक्षामा धारणा राख्ने सरोकारवालाहरुले विनियोजित आर्थिक वर्षको अन्त्यमा वार्षिक बजेट खर्च गर्ने प्रवृत्ति रोक्नुपर्नेमा जोड दिनुभएकोछ ।

जिल्लास्थित कार्यालय र स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ को दोस्रो चौमासिक समीक्षामा सहजीकरण गर्ने प्रतिबद्धतासहितको मन्तव्य राख्नुहुँदै जिल्ला समन्वय समितिका उपप्रमुख ऋषिदेव फुयाँलले हरेक समीक्षाले सबैलाई केही न केही सन्देश दिन्छ भन्दै नागरिकले अनुभूति गर्नेगरी विकासका काम अगाडि बढाउन आग्रह गर्नुभएको हो ।

"वार्षिक बजेटको ४० प्रतिशत असारमा खर्च हुने प्रवृत्ति रोकिनुपर्छ, त्यसका लागि ध्यान दिन आग्रह छ, कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी र दायित्व पूरा गर्ने कार्यालयलाई यस्ता समीक्षाले थप जिम्मेवार बनाउँछ", उहाँले भन्नुभयो ।

उपप्रमुख रामलाल थिङले जनअपेक्षाअनुरुप विकासका गतिविधि अगाडि बढाउन सबै कार्यालयबीच समन्वय र सहकार्य हुनुपर्नेमा जोड दिनुभयो । कोन्ज्योसोम गाउँपालिकाका उपप्रमुख राजनप्रसाद घिमिरेले ललितपुरका तीनवटा गाउँपालिका गत असोज ११ र १२ गतेको बाढिपहिरोबाट धेरै प्रभावित भएकाले क्षतिको मूल्याङ्कनका आधारमा समस्या समाधान गर्नेगरी जिल्लास्थित विषयगत कार्यालयलाई आग्रह गर्नुभयो ।

"हामी निर्वाचित भएको तीन वर्ष भयो, जिल्लाका विषयगत कार्यालयले गरेका कतिपय काम र कार्यक्रम हामीलाई नै थाहा हुँदैन, यो समस्या छ, स्थानीय सरकारलाई त्यहाँ सञ्चालन भएको कार्यक्रम जानकारी हुनुपर्छ । सङ्घ र प्रदेशका नियन्त्रणमा रहेका सबै कार्यालय स्थानीय सरकारप्रति पनि उत्तरदायी हुनुपर्छ", उहाँले भन्नुभयो ।

ललितपुरका जिल्ला समन्वय अधिकारी हरिनारायण बेलवासेले आर्थिक वर्षमा विकास निर्माणमा देखिएका समस्या समाधानका लागि समन्वय, सहकार्य र सहजीकरणको काम जिल्ला समन्वय समितिको भएकाले समाधानका उपाय ल्याउन आग्रह गर्नुभयो ।

"स्थानीयस्तरका समस्याहरू तपाईंले ल्याउने हो, हामीले तपाईंहरूलाई सहजीकरण गर्ने हो, काम देखाउनका लागि प्रस्तुतीकरण मात्रै लिएर नआउनुस्, अलि रचनात्मक र जनजीविका सुधार गर्नेखाका कार्यक्रमहरू पनि बनाउनुस्, सहजीकरणका लागि भएका समस्यामा हामी तयार छौँ", उहाँले भन्नुभयो ।

सडक डिभिजन कार्यालय ललितपुरका इन्जिनियर आशिष महर्जनले जिल्लामा रहेका ४२ वटा सडकहरूमा ३७.४ प्रतिशत वित्तीय प्रगति रहेको बताउनुभयो । उहाँले जिल्लामा ३९ वटा सडकमा निर्माणका लागि ठेक्का प्रक्रियामा रहेको जानकारी गराउनुभयो ।

कान्तिलोकपथ आयोजनाका इन्जिनियर उपेन्द्र महरानले कान्तिलोकपथको ललितपुर खण्डमा पहिरोको मुख्य समस्या रहेको बताउनुभयो । उहाँले सडकलाई नियमित सञ्चालन गर्नका लागि मकवानपुर र ललितपुरको सिमानामा पर्ने बागमती खोलामा १० चक्के गाडी गुड्न मिल्ने बेलिब्रिज निर्माण गर्नेगरी काम भइरहेको जानकारी गराउनुभयो ।

पूर्वाधार विकास कार्यालय ललितपुरका इन्जिनियर रबिन खातीले प्रदेशअन्तर्गत जिल्लामा सञ्चालनमा रहेका योजनामा ६ प्रतिशत वित्तीय प्रगति र ४० प्रतिशत भौतिक प्रगति भएको जानकारी गराउनुभयो ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भक्तपुरका इन्जिनियर महेश शर्माले जिल्लामा ११७ वटा प्रदेशस्तरीय आयोजना कार्यान्वयनमा रहेको जानकारी गराउँदै कार्यान्वयनमा रहेका प्रदेशअन्तर्गतका आयोजनामा ६८ प्रतिशत र सङ्घीय आयोजनामा ६७ प्रतिशत प्रगति भएको बताउनुभयो । उहाँले खानेपानीको संरचना निर्माण गर्दा जग्गा प्राप्तिमा समस्या हुने गरेको जानकारी गराउनुभयो ।

## *जलवायु न्यायका ...*

गर्नुपर्छ । त्यसो गरियो भने हामी जलवायु अनुकलित हुँदै जान्छौँ ।हरेक विषयअनुसार विज्ञहरुको छनोट गरिएको छ । अर्को हामीले छलफल गर्न खोजेको भनेको 'सिटिजन कम्युनिटी' हो । जुन दिगो विकास लक्ष्यको ११ नम्बरको लक्ष्यमा केन्द्रित छ । अहिले हाम्रो गाउँमा मान्छेहरू बस्न छोडेका छन् । बसाइसराइ तीब्र बन्दै गएको छ । शहरलाई हामीले सही ढङ्गबाट योजना बनाउन सकेका छैनौं । आज न गाउँ गाउँ जस्ता रहे, न शहर शहर जस्तो रहयो । त्यसो हुँदा गाउँलाई गाउँ जस्तो र शहरलाई शहर जस्तो बनाउने हो भने 'सिटिजन कम्युनिटि'को योजना बनाउनुपर्‍यो । भोलि आफ्नो थातथलोमा फर्किर जाने वातावरण बनाउनुपर्‍यो । त्यो जलवायु अनुकूलित हुनुपर्‍यो ।

अर्को महत्वपूर्ण छलफल भनेको 'इनकुलुसिभ फ्युचर जेण्डर एण्ड इक्वीटी' हो । जलवायु परिवर्तनबाट मुख्यगरी बालबालिका जति पीडित छ, त्यति पीडित युवा नहुन सक्छन । तर हाम्रो देशको युवाहरू पनि धेरै पीडित छन । बालबालिका, युवा, महिला, वृद्ध नागरिक र सबै उमेर समूहका नागरिकलाई समेटेर जानुपर्छ । अर्को विज्ञान र प्रविधिको विषय छ । हामीसँग परम्परागत सीप पर्याप्त छ । त्यसलाई आधुनिक बनाउन सकेनौं । परम्परागत ज्ञानलाई नवीनतम् साँचका साथ आधुनिक बनाउने उपायको खोजी नगर्ने हो भने विदेशी प्रविधिमा हाम्रो लगानी धेरै ठूलो मात्रामा हुन्छ र पूँजी पलायन हुने सम्भावना हुन्छ । त्यसकारण आफ्नो प्रविधिलाई प्रयोग गर्नुपर्‍यो । अर्काको प्रविधि उच्च तहको छ भने त्यसलाई पनि प्रवर्द्धन गरेर जानुपर्छ । प्रविधिका कारण सहजता ल्याउने कुरा पनि महत्वपूर्ण छ । कार्यदक्षता र कार्य कुशलता प्रविधिको साथ लिएर मात्रै अगाडि बढ्छ । त्यो कुरा जलवायु अनुकूलनसँग जुध्नसक्ने क्षमता भनेको आधुनिक प्रविधिको साथ र सङ्गत नगरिकन जान सकिँदैन ।

अर्को पर्वतीय क्षेत्रको दिगो विकासको लागि हामीले खाद्य सुरक्षा, स्वास्थ्य सुरक्षा, पानीको सुरक्षा र समग्रमा हिमालको सुरक्षाको खोजी गर्ने गरी छलफल हुनेछ । समग्रमा पर्वतीय भनेको सबैभन्दा सुरक्षित हुनुपर्छ भन्ने हो । हिमाल सबैभन्दा प्राकृतिक र पवित्र स्थान हुन् । यी स्थानलाई संरक्षण गर्न सकियो भने मानिसको मानवता जोगिन्छ । यी सबै चीजलाई जोगाउन सकिएन भने मानवता पनि जोगिँदैन । यसलाई 'फ्युचर हिउमानिटी' भनेर जोड्न खोजिएको छ । चौँथो र पाँचौं सत्रमा अन्तर्राष्ट्रिय र क्षेत्रीय साझेदारी भनेर जोड्न खोजेका छौं । हाम्रो सम्मेलनमा जति पनि अन्तर्राष्ट्रिय प्रतिनिधि आउनुहुन्छ । उहाँहरू सबैको धारणा लिने काम हुन्छ ।

जलवायु परिवर्तनसम्बन्धी स्थानीय समुदायदेखि राज्यको समग्रमा समाजका सबै संरचनाको क्षमता विकास कसरी गर्न सकिन्छ भनेर गोलमेच छलफल हुनेछ । यी सबै छलफल भइसकेपछि सगरमाथा संवाद घोषणापत्र जारी गरिनेछ । जुन घोषणापत्रले जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ा मार्गनिर्देश गर्नेछ । घोषणापत्रले विदेशी निकायलाई पनि जलवायुसम्बन्धी नेपालको प्राथमिकताबारे जानकारी हुनेछ । संवादको निचोडलाई आगामी दिनमा अन्तर्राष्ट्रिय समुदाय समक्ष राख्न पनि सजिलो हुनेछ । यी कार्यक्रमबाहेक हामीले केही कार्यक्रमहरू पनि सञ्चालन गर्न खोजेका छौँ । विभिन्न एक सयभन्दा बढी विदेशी समुदाय र निकायले हाम्रो निमन्त्रणा स्वीकार गरेको अवस्था छ । यसमा उच्च तहको राजनीतिक तहको उच्च नेतृत्वदेखि विभिन्न विज्ञहरू, नीति निर्माताहरू, अन्तर्राष्ट्रिय समुदायका प्रतिनिधिहरू पर्नुहुन्छ । समग्रमा ५० देशसम्मको सहभागिता हुन्छ भन्ने अपेक्षा छ ।(वन तथा वातावरण मन्त्रालयका सहसचिव तथा सगरमाथा संवाद सचिवालयका सदस्यसचिव डा महेश्वर ढकालसँग राससका सुशील दर्नालले गर्नुभएको कुराकानीमा आधारित)

## *अभिमुखीकरण ...*

हुने उनको कार्यक्रम रहेको छ ।

प्रतिनिधिसभा सदस्यमा निर्वाचित दिनेश कुमार यादवको विशेष उपस्थितिमा चलिरहेको बैठकमा क्षेत्रिय समितिका पदाधिकारीका साथै क्षेत्र नं. ३ का सभापति भुपेन्द्र प्रसाद यादव, नेपाली कांग्रेस राजविराज नगर समितिका उपसभापतिद्वय अनिल यादव, प्रमोद दास, तिलाठी कोइलाडी गाउँपालिका कमिटिका सभापति अमिर नारायण झाका साथै पार्टीका भातृ र शुभेच्छुक संगठनका अगुवा कार्यकर्ता सहभागि छन् ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*